annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२८ पृष्ठ १० | काठमाडौं, सोमबार ८ पुस २०८१ | पौष कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४५ | MONDAY, DECEMBER 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## सम्पत्ति शुद्धीकरणमा नेपालको अवस्था सुधार्न उच्चस्तरीय बैठक

**काठमाडौं** (अन्नपूर्ण) : सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे मूल्यांकन र सुधारको भावी कार्यदिशाबारे प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा शीर्ष राजनीतिक नेतृत्व, उच्च प्रशासनिक नेतृत्व र सम्बन्धित निकायका प्रतिनिधिबीच आइतबार उच्चस्तरीय छलफल भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधानमन्त्रीहरू, मन्त्री, राजनीतिक संयन्त्रमा रहेका नेताहरू एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, कांग्रेसका महामन्त्री गगनकुमार थापालगायत सहभागी बैठकमा सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे प्रस्तुतीकरण गरिएको थियो।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीजस्ता गैरकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेको छ। सदस्य राष्ट्रले एफएटीएफका मापदण्डहरू पालना गर्नुपर्ने छ। नेपाल २०५९ सालमा सदस्य भएको थियो। तत्पश्चात् यस क्षेत्रमा कानुनी, नीतिगत र संरचनागत रूपमा काम हुँदै आएको छ। एसिया प्रशान्त क्षेत्रमा एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपीजी) ले यहाँका मुलुकहरूबीच यस विषयमा साझा काम गर्दै आएको छ।

एपीजीले गरेको मूल्यांकनमा नेपालसहित विश्वका २५ मुलुक 'जुरिस्डिक्सन अन्डर इन्क्रिइज्ड मनिटरी' (ग्रे लिस्ट)मा पर्ने अवस्थामा रहेकाले यसमा सुधारका लागि बैठकमा छलफल भएको थियो। आगामी जनवरीमा फिलिपिन्समा हुने एपीजीको 'फेस टु फेस' बैठकमा नेपालको राजनीतिक प्रतिबद्धता र सुधारका पहलससिहत प्रस्तुति राखेर नेपाललाई 'ग्रे लिस्ट' मा पर्न नदिन पहल गर्न छलफलमा सुझाव दिइएको छ।

छलफलमा प्रधानमन्त्री ओलीले यस स्थितिलाई सबैले गम्भीरतापूर्वक लिएर स्थितिमा सकारात्मक परिवर्तन ल्याउन भोलिदेखि नै प्रभावकारी रूपमा काम गर्नुपर्नेमा जोड दिए। उनले आर्थिक क्रियाकलापमा कतै बढी कडाइ र कतै बढी नरम हुँदा असन्तुलन देखिएको र अनेक कार्यविधि र संयन्त्रका कारण उद्योगी, व्यवसायीहरू निरुत्साहन पनि भएकामा यस अवस्थामा सुधार ल्याउनुपर्ने बताए। उनले भर्खरै स्थिरताको लक्ष्यका साथ नयाँ सरकार बनेको र स्थितिमा सुधार गर्न पहल गरिरहेकाले भरपर्दो राजनीतिक प्रतिबद्धताका साथ अन्तर्राष्ट्रिय मञ्चलाई त्यही आधारमा रिपोर्टिङ गर्नुपर्ने बताए।

नेपाली कांग्रेसका सभापति देउवाले कसले कहाँ के सामान किन्छ भन्ने हिसाब किताब नै नहुने भएकाले सम्पत्ति शुद्धीकरणलाई कार्यान्वयन गर्नु धेरै गाह्रो कुरा भएको बताए। उनले आर्थिक कारोबारका विविध पक्षबारे जनतालाई सिकाउनुपर्ने र स्थितिमा सुधार ल्याउनुपर्नेमा जोड दिए।

सम्पति शुद्धीकरणको अवस्थामा सुधार ल्याउन सरकारले गत असार १७ गतेको मन्त्रिपरिषद्को निर्णयबाट नेपालमा सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति स्वीकृत गरेको थियो।

कभर स्टोरी


# अझै किन बढेन घरजग्गा कारोबार ?

अर्थतन्त्र चलायमान बनाउने मुख्य व्यवसाय हो- घरजग्गा कारोबार । सरकारलाई राजस्व संकलनदेखि आर्थिक गतिविधि बढाउने यो व्यवसाय थलिएको छ । कोभिडपछि थला परेको यो व्यवसाय उकास्न सरकारले केही पहल त गरेको छ । तर, त्यो मात्रै पर्याप्त देखिएको छैन । त्यसैकारण, नीतिगत र व्यावहारिक सुधार गर्नुपर्ने खाँचो औंल्याइएको छ । सरकारले नै गठन गरेको अध्ययन कार्यदलको प्रतिवेदन कार्यान्वयनमा गए यो व्यवसाय चलायमान बन्ने जानकारहरू बताउँछन् ।

**सुनिता कार्की** | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २




### समस्याहरू

- टुक्रे जग्गाको कारोबार बढी
- भवन एकीकरणसम्बन्धी स्पष्ट कानुनको अभाव
- योजना अनुमति प्रक्रिया निकै झन्झटिलो
- बिचौलियाको हालीमुहाली
- अस्वाभाविक महँगो
- प्रभावकारी नियमन हुन नसक्नु
- जग्गासम्बन्धी हदबन्दी
- कर वृद्धि
- ऋण भुक्तानी आम्दानी अनुपात कम हुनु
- कर्जा आम्दानी अनुपात कम हुनु

# लामिछानेविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा दायर




### रविलाई २७ करोड ८९ लाख बिगो, निकिताको सम्पत्ति जफतको दाबी, छविलाई ७४ करोड ७१ लाख

**कृष्णमणि बराल** | *पोखरा*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा आइतबार मुद्दा दायर गरिएको छ। लामिछानेलाई प्रहरीले कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरेर कास्की ल्याएको थियो।

लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा २७ करोड ८९ लाख ४४ हजार ७ सय ५ रुपैयाँ बिगो कायम भएको जिल्ला सरकारी वकिलको कार्यालय कास्कीकी सूचना अधिकारी शान्तिदेवी शर्माले जानकारी दिइन्। रवि लामिछानेलाई सम्पत्ति शुद्धीकरण, संगठित अपराध, राष्ट्र बैंक ऐन र सहकारीको रकम अपचलनको मुद्दा दायर भएको हो।

सम्पत्ति शुद्धीकरण मामिलामा प्रतिवादी लामिछानेले सो रकम गैरकानुनी ढंगले आर्जन गरेको दाबी गरिएको छ। रवि लामिछाने र छविलाल जोशीसहित ३१ जनाविरुद्ध सहकारी ठगीमा, संगठित अपराधमा १९ जना, सम्पत्ति शुद्धीकरणमा ४ जना र राष्ट्र बैंकअन्तर्गतको कसुर (क्रिप्टो) मा २ जनाविरुद्ध अभियोग लागाइएको छ।

यस्तै पूर्वडीआईजी छविलला जोशीविरुद्ध पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग पत्र दायर गरिएको छ। जोशीले ७४ करोड, ३४ लाख ७१ हजार ५५ रुपैयाँ ५२ पैसा गैरकानुनी ढंगले आर्जन गरेको दाबी गर्दै बिगो कायम गरिएको छ।

यसैगरी लीला पछाईलाई २४ करोड ६७ लाख ७ हजार ३४ रुपैयाँ बिगो कायम गरिएको छ। अर्का प्रतिवादी रामबहादुर खनाललाई १४ करोड ३० लाख ९१ हजार ९ सय ११ रुपैयाँ बिगो कायम गरिएको छ। लीला पछाईं र रामबहादुर खनालविरुद्ध पनि सम्पत्ति शुद्धीकरणमा मुद्दा दायर भएको हो।

रवि लामिछानेसहतिका प्रतिवादीहरूले आपराधिक समूहको लाभका लागि आपराधिक समूहसँग मिलेर आपराधिक समूहको सदस्य भई जानीजानी सहकारीको बचत रकम अपचलन गरी संगठित अपराधको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादीहरूलाई संगठित अपराध निवारण ऐन २०७० को दफा ९ (क) र (ग) बमोजिम सजाय हुन अभियोग पत्रमा उल्लेख छ। उनीहरूविरुद्ध सहकारी ठगीमा १ अर्ब ५१ करोड ४० लाख १९ बजार १ सय ९४ बिगो दाबी गरिएको छ। सरकारी वकिलको कार्यालय कास्कीले आइतबार सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मामिलामा ३१ जनालाई प्रतिवादी बनाइएको छ।

जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गत वर्ष मुद्दा दायर भएका १९ जनाविरुद्ध कसुर र बिगो थप गर्दै पूरक अभियोगपत्र शुक्रबार नै अदालतमा दर्ता गरिसकेको छ। सहकारी ठगीका योजनाकार जीबी राईलाई संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन विरुद्धको कसुरमा मद्दा चलाइएको छ।

» बाँकी पृष्ठ ६

### लामिछ्यानेको सांसद पद निलम्बन गर्न संसद्लाई पत्राचार

**काठमाडौं** (अन्नपूर्ण) : कास्की प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सांसद पद निलम्बन गर्न संघीय संसद् सचिवालयमा पत्र पठाएको छ। लामिछानेविरुद्ध संगठित अपराध, सम्पत्ति शुद्धीकरण र सहकारी ठगीको आरोपमा जिल्ला अदालतमा आइतबार मुद्दा दायरपछि कास्की प्रहरीले सांसद पद निलम्बनका लागि सचिवालयलाई पत्र पठाएको हो।

सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ को प्रयोजनका लागि कास्की प्रहरीको पत्र प्राप्त भएको संसद् सचिवालयले जनाएको छ। सम्पत्ति शुद्धीकरण ऐन २०६४ को दफा २७ मा मुद्दा दर्तापछि पद स्वत: निलम्बन हुने व्यवस्था छ।

दफा २७ मा भनिएको छ-प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकामा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वत: निलम्बन भएको मानिनेछ।'

कात्तिक २ गते पक्राउ परेका लामिछानेविरूद्ध आइतबार अदालतमा मुद्दा दर्ता भएको हो।

## पण्डितपुर बौद्धकालीन प्राचीन सहर भएको थप पुष्टि



**हरि शर्मा** | *परासी*

नवलपरासीको रामग्राम नगरपालिका-१८ मा रहेको पण्डितपुर क्षेत्र बौद्धकालीन कोलीय गणराज्यको प्राचीन सहर भएको थप प्रमाण फेला परेका छन्। यसअघि गरिएको सर्वेक्षण र उत्खननका क्रममा उक्त स्थल कोलीय गणराज्यको प्राचीन सहर भएको पुष्टि भइसकेको थियो। त्यसलाई थप पुष्टि गर्न र पण्डितपुरको सांस्कृतिक इतिहास अध्ययन गर्न २५ दिनअघिबाट पुरातत्त्व विभागले उत्खनन सुरु गरेको थियो। उत्खनन कार्य शनिबार सकिएको छ।

सांस्कृतिक इतिहास र भू-भौतिक सर्वेक्षणले देखाएको प्राचीन संरचनाको अध्ययन गर्न चार स्थानबाट उत्खनन सुरु गरिएको थियो। उत्खननबाट प्राप्त उपलब्धिबारे जानकारी दिँदै पुरातत्त्व विभागका पुरातत्त्व शाखा प्रमुख एवं पुरातत्त्वविद् भाष्कर ज्ञवालीले उत्खननको प्रारम्भिक अध्ययनबाट बुद्धको समयदेखि मुस्लिम समयसम्मका विभिन्न संरचनाका साथै पुरातात्त्विक महत्त्वका वस्तु फेला परेको बताए।

उत्खननका क्रममा त्यस समयको मानव बसोबास र उनीहरूले प्रयोग गर्ने विभिन्न सामग्रीहरू फेला परेका छन्। 'यसअघि गरिएका भू-भौतिक सर्वेक्षण (जियोफिजिक्स) र उत्खननबाट फेला परेका पुरातात्त्विक संरचनाका आधारमा अहिले उत्खनन गरिएको हो।

» बाँकी पृष्ठ ६

# सुदूरपश्चिममा किन गइरहन्छ भूकम्प ?

**परमानन्द पाण्डे** | *टीकापुर*

सुदूरपश्चिमको बिकट पहाडी जिल्ला बाजुराको जगन्नाथ गाउँपालिका गोत्री केन्द्र बनाएर शनिबार ५.२ रेक्टर स्केलको भूकम्प गयो। पालिकाले आइतबार तयार गरेको प्रारम्भिक तथ्यांकअनुसार वडा नं. ५ दर्जी गाउँका दर्जनौं घरसहित पालिकाका ३ सय ६३ घरमा भूकम्पले क्षति पुर्‍यायो। पालिका अध्यक्ष कालीबहादुर शाहीका अनुसार ६ वडा रहेको पालिकामा मानवीय क्षति नभए पनि दर्जनौं घर भत्किनुका साथै दर्जनौं घरमा चिराचिरा परेका छन्।

'शनिबारको भूकम्पले घरमा चिरा परेपछि पीडितहरू त्रिपालमा बस्ने व्यवस्था मिलाएका छौं', अध्यक्ष शाहीले भने, 'पहाडी जिल्लामा रहेका पुराना माटो र ढुंगाले बनेका घरहरू पटक-पटक आइरहेको भूकम्पले चिराचिरा परेका हुन्, त्यस्ता घरमा बस्ने अवस्था छैन।'

बाजुराकै स्वामीकार्तिक गाउँपालिकाका अध्यक्ष भरतबहादुर रोकायाका अनुसार वडा नं. ५ को भैरबनाथ माध्यमिक विद्यालयको भवनसहित ७० भन्दा बढी घरमा क्षति पुगेको छ। 'पटक-पटक गइरहेको भूकम्पले पालिकाका अधिकांश घरहरूमा क्षति पुगेको छ, घरहरू बस्ने अवस्थामा छैनन्', अध्यक्ष रोकायाले भने, 'पुराना घरहरूका कारण थप जोखिम छ, हामी त भगवान भरोसा बाँचिरहेका छौं।'

५.२ रेक्टर स्केल गएको भूकम्पले पुर्‍याएको भौतिक क्षतिको यकिन तथ्यांक संकलन भइसकेको छैन। भूकम्पले बूढीनन्दा गाउँपालिकामासमेत आंशिक क्षति पुर्‍याएको छ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार २०७९ असोज यता सुदूरपश्चिममा साना-ठूला गरी ३७ पटक भूकम्प गएको छ। पछिल्लो एक वर्षको अवधिमा बाजुरामा मात्रै १६ पटक भूकम्प गएको केन्द्रको तथ्यांक छ। सबैभन्दा ठूलो ५.९ रेक्टर स्केलको भूकम्प ०७९ माघ १० गते र २०८० वैशाख १५ गते बाजुराको बिच्छ्या केन्द्रबिन्दु भएर भूकम्प गएको थियो। माघ १० गतेको भूकम्पमा परी गौमुल गाउँपालिका-२ की जमुना रोकायाको ज्यान गएको थियो भने २१ वटा घरमा पूर्णक्षति, ४४ घरमा आंशिक र ४० घरमा सामान्य क्षति पुगेको थियो।

बझाङ केन्द्रबिन्दु बनाएर २०८० असोज यता १४ पटक भूकम्प गएको केन्द्रको अभिलेखमा उल्लेख छ। केन्द्रका अनुसार बझाङमा ५.३ रेक्टर स्केलको भूकम्प गएको झन्डै २१ मिनेटपछि ६.३ रेक्टर स्केलको ठूलो भूकम्प गएको थियो। मानवीय क्षति नभए पनि भूकम्पका कारण बझाङका सयौं घरमा क्षति पुगेको हो। छ जनाको ज्यानै जाने गरी डोटीमा २०७९ कात्तिक २३ गते राति ६.६ रेक्टर स्केलको भूकम्प गएको थियो।

» बाँकी पृष्ठ ६



**भूकम्पले घरमा क्षति पुगेपछि खेतमा खाना पकाउँदै बाजुराका भूकम्पपीडित । ● अन्नपूर्ण**

- ०७९ असोजयता ३७ पटक भूकम्प
- बाजुरामा मात्रै १६ पटक भूकम्प
- सबैभन्दा ठूलो ०७९ माघ १० मा ५.९ रेक्टर स्केल
- बझाङ केन्द्रबिन्दु बनाएर १४ पटक भूकम्प
- २०८० असोजमा बझाङमा ५.३ रेक्टर स्केल
- सोही दिन ६.३ रेक्टर स्केल
- डोटीमा २०७९ कात्तिक २३ गते राति ६.६ रेक्टर स्केल
- कात्तिक २२ गते खप्तड केन्द्रबिन्दु भएर ५.७, ४.१ रेक्टर स्केल